नेपाल सरकार

# ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

**इन्जिनियर श्री प्रमिला अधिकारी (क.सं.नं. २०३२७४) लाई सफाइ पेश गर्ने बारेको**

**अत्यन्त जरुरी सूचना**

**प्रकाशित मितिः २०७५।९।१७**

साविक सिंचाइ विभागमा पदाधिकार रही हाल यस मन्त्रालयको पुलमा रहनु भएको तपाईं इन्जिनियर (रा.प.तृतीय, नेपाल इन्जि, सिभिल, इरिगेशन) प्रमिला अधिकारी (क.सं.नं.२०३२७४) मिति २०७३।५।१ देखि ०७५ श्रावण मसान्तसम्म बेतलबी अध्ययन विदा स्वीकृत भै अध्ययनमा जानु भएकोमा विदा समाप्त भए पश्चात् मिति ०७५।५।१ देखि हालसम्म कार्यालयमा अनुपस्थित रहनु भएकोले निजामती सेवा ऐन, २०४९ को दफा ६१(१) को खण्ड (छ) तथा खण्ड (ज) बमोजिमको म्याद भुक्तान भईसकेको, सोही ऐनको दफा ४०ग बमोजिम अध्ययन पुरा गरेपछि सेवा गर्नु पर्ने अवधि सेवा गरेको समेत नदेखिएकोले के कति कारणले बिना सूचना ९० (नब्बे) दिनभन्दा बढी अनुपस्थित रहनु भएको हो ? साथै अध्ययन पूरा गरेको मितिले ३० (तीस) दिन भित्र कार्यालयमा के कति कारणले हाजिर नहुनु भएको हो ? के कति कारणले अध्ययन पुरा गरेपछि सेवा गर्नु पर्ने अवधि सेवा नगर्नु भएको हो ? मनासिब कारण सहित बाटोको म्याद बाहेक १५ दिन भित्र सफाइ पेश गर्न तपाईंलाई निजामती सेवा ऐन, २०४९ को दफा ६६ को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र सफाई पेश नगरेमा कानून बमोजिम हुने व्यहोरा समेत जानकारी गराइन्छ ।